


निम्न संस्थाहरुद्धारा संयुक्त रुपमा प्रकाशित :
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास
नेपाल उद्योग वाणिज्य महासंघ –कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## प्रमूख बुँदाहरु

- *उच्च खाद्यान्न मूल्य उल्लेख्य चासोको विषय रहेको छ । नेपाल राष्ट बैंक द्वारा उपलब्ध गराईएको पछिल्लो तथ्याङ्ग अनुसार खाद्य पदार्थको वार्षिक मूल्य बृद्धि १७.८ प्रतिशत भन्दा बढी पाईएको छ जुन गत महिनाको तुलनामा लगभग २ प्रतिशत भन्दा बढी हो । उच्च खाद्यान्न मूल्यले समग्रमा उपभोक्ता मूल्यमा बृद्धि भएकोछ, जुन ११.३ प्रतिशत सम्म अनुमान गरिएको छ ।*
- *वर्षे बाली भित्रचाइएको हुनाले गत महिनामा मुख्य अन्नपातहरुको मूल्य सामान्यत: स्थिर नै रह्यो । यद्यपि, उत्पादन राम्रो नभएका कारण सामान्यतया अपेक्षा गरे अनुरुप मुख्य खाद्य वस्तुहरुको मूल्य उल्लेख्य रुपमा घट्न सकेन ।*
- *पोखरामा हलसालै देखा परेको बर्ड फ्लूको कारणले आउँदो महिनाहरुमा कुखुरा पालन व्यवसाय र मूल्यमा उल्लेख्य प्रभाव पर्न सक्नेछ । नेपालमा यो भन्दा पहिले पनि बर्ड फ्लूको माहामारीले कुखुरा पालन व्यवसायमा नराम्रो प्रभाव पारेको थियो ।*

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

• गत महिनामा नेपालभर मुख्य खाद्य वस्तुहरुको मूल्य सामान्यतया स्थिर रह्यो । विश्व खाद्य कार्यक्रम र कृषि तथा सहकारी मन्त्रालयद्वारा नियमित अनुगमन गरिने बजारहरुमा मोटा चामलको मूल्य रु. ३२ प्रति किलो (गत महिनाको तुलनामा ३ प्रतिशतले कम) र राष्ट्रिय स्तरमा गहुँको औसत मूल्य रु. ३५ प्रति किलो (गत महिनाको तुलनामा १ प्रतिशतले बढी) भएको पाईयो । हालै भित्रचाइएको वर्षे बालीले बजारको खाद्य संचिती पुन परिपूर्ति गरेको हुनाले अन्नको मूल्य सामान्यत स्थिर रह्यो । यद्यपि, धानको उत्पादन कम हुनाले, वर्षको यस समयमा सामान्यतया आशा गरे अनुरुप खाद्यान्न मूल्य उल्लेख्य रुपमा घट्न सकेन ।

• राष्ट्रिय स्तरमा खाद्यान्नको मूल्य बृद्धि अझै पनि मुख्य चासोको विषय रहेको छ । १२ महिना अगाडीको तुलनामा कालो दालको मूल्य ४४ %, गहुँको पिठोको मूल्य २५ %, मुसुरोको मूल्य २५ % र मोटा चामलको मूल्य १४ % ले बृद्धि भएको पाईयो । यस आधारमा नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित गरिने खाद्य पदार्थको वार्षिक मूल्य बृद्धि तथ्याङ्ग पनि आउँदो महिनामा बढ्न सक्ने अनुमान छ । गत १२ महिनाको अवधिमा खाने तेल मात्र उल्लेख्य रुपमा मूल्य बृद्धि नभएको वस्तु हो ।

• हालै भित्रचाइएको आलु बालीले आलुको मूल्य उल्लेख्य रुपमा घटाउन मद्दत गरेको छ; जसको मूल्य गत महिनाको तुलनामा देश भर लगभग १७ प्रतिशतले कम भएको छ । यद्यपि, आलुको राष्ट्रिय स्तरमा औसत मूल्य अहिले सम्म पनि रु. १५ प्रति किलो छ जुन गत वर्ष यहि समयको तुलनामा अझै बढी हो ।

• हालसालै पोखरामा बर्ड फ्लू देखा परेको छ । प्रत्यक्ष अनुगमनका लागि प्रभावित क्षेत्रमा द्रुत कार्य दल पठाई सकिएको छ । महामारी फैलनबाट रोक्नका लागि करिव १०,००० को संख्यामा कुखुरा, हाँस र अन्य पंक्षिहरु नष्ट गरिन सक्ने वताइएकोछ । कृषि तथा सहकारी मन्त्रालयले प्रभावित क्षेत्रमा पशुजन्य उत्पादन आयात तथा निर्यात गर्नबाट रोक लगाएको छ । यस अघि पूर्वी तराइका जिल्लाहरुमा बर्ड फ्लु भएपछि काठमाडैमा कुखुराको मासुको मुल्यमा उच्च बृद्धि भई रु २८०।- प्रति किलो हुन पुग्यो ।

• ताप्लेजुङ्ग, शंखुवासभा जस्ता पुर्वि जिल्लाहरुमा अलैंचीको उत्पादन गत वर्षको तुलनामा ३० देखि ४० % ले घटेतापनि अलैंचीको मूल्य गत वर्ष रु. १७५ प्रति किलो बाट यस वर्ष रु. ४००-५०० प्रति किलो भई अत्यधिक मूल्य बृद्धि भएको हुनाले यी जिल्लाहरु लाभान्वित भएका छन् ।

• खाना पकाउने ग्यासको मूल्य रु. १,१२५ बाट बृद्धि भएर रु. १,२५० भएको छ, जसवाट खासगरी शहरी घर परिवारहरु प्रभावित हुनेछन् । नूनको मूल्य पनि प्रति किलो रु. ११ बाट रु. १५ भएको छ ।

### आपूर्ति

• गत महिनामा नेपालभर सामान्यतया आपूर्तिमा सुधार आयो । कर्णाली राजमार्ग पुन सुचारु हुनाले उपभोक्ता बजारहरुमा आपूर्ति र मूल्य दुवैमा सुधार आयो । आपूर्तिमा सबै भन्दा महत्वपूर्ण सुधार जुम्ला जिल्लामा आएको छ जहाँ चामलको मूल्यमा गत महिनाको तुलनामा २३ प्रतिशतले कमी आएको छ । हालै भित्रचाइएको वर्षे बालीले विभिन्न बजारहरुमा आपूर्ति बढाएको छ ।

• गत महिनामा ताप्लेजुङ्ग, पाँचथर, सप्तरी र सिरहाको बजारहरुमा बन्दले उल्लेख्य असर पुर्यायो । गत महिना ताप्लेजुङ्ग बजार १५ दिन बन्द हुनाले आपूर्तिमा उल्लेख्य प्रभाव पर्यो ।

### बजारको पुर्वानुमान

• धानको उत्पादनमा आएको ह्रासले (कृषि तथा सहकारी मन्त्रालय द्वारा अनुमान गरेको आधारमा गत वर्षको तुलनामा राष्ट्रिय स्तरमा ११.१% ले ह्रास आएको) आगामि महिनाहरुमा चामलको मूल्य बृद्धि हुने देखिन्छ । अर्को मुख्य बाली नभित्रचाए सम्म अन्नपातको मूल्य बृद्धि कायमै रहने अनुमान छ । हिउँदे बाली गहुँ र जौ चैत्र देखि भदौ महिना सम्म भित्रचाइनेछ भने अर्को मुख्य बाली धान मंसिरमा मात्र भित्रचाइनेछ ।

### उल्लेख्य मूल्य परिवर्तन (गत महिना)

| जिल्ला/ खाद्यवस्तु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| **मूख्य खाद्यवस्तुहरुको मूल्यमा भएको अत्यधिक बृद्धि** | | | |
| चिनी | औसत ९९ | २०% | स्थानीय तथा क्षेत्रिय रुपमा कम उत्पादन- भारतमा भएको अभाव । |
| **मूख्य खाद्यवस्तुहरुको मूल्यमा भएको अत्यधिक कमी** | | | |
| आलु | औसत ३०.५ | -१७% | हालसालै बाली भित्रचाइएको । |

**१८ महिनाको औसत मल्य ***




**%मूल्यमा परिवर्तन (१ महिना/१ वर्ष)****




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) गुगल ग्रुपको विद्युतय ठेगाना http://groups.google.com/group/NeKSAP?hl=er मा हेर्न सकिनेछ ।

† मूल्यहरु पौष महिनाको मूल्य संग सम्बन्धित छ ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेको हिमाली तथा पहाडी बजारहरु समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छ ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suraksha Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

